वैठक संख्या : ५२(वाउन्नौं)

आज मिति २०७७ फाल्गुन ०६ गते विदुर नगरपालिकाका प्रमुख श्री सञ्जु पण्डित ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका वैठक वसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सञ्जु पण्डित | प्रमुख | |
| २ | श्री गिता कुमारी दाहाल (अर्याल) | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री वीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | |
| ५ | श्री वद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| ८ | श्री राजु सडौला | वडा अध्यक्ष | |
| ९ | श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| १० | श्री फइ सिं तमाङ | वडा अध्यक्ष | |
| ११ | श्री सनी चित्रकार | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| १४ | श्री सीताराम अर्याल | वडा अध्यक्ष | |
| १५ | श्री दल वहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री मुरली मिजार | कार्यपालिका सदस्य | |
| १७ | श्री रामशरण मिजार | कार्यपालिका सदस्य | |
| १८ | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री राजकुमार कुमाल | कार्यपालिका सदस्य | |
| २० | श्री विन्दा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २१ | श्री मेनुका चौलागाई | कार्यपालिका सदस्य | |
| २२ | श्री रश्मी पाण्डे | कार्यपालिका सदस्य | |
| २३ | श्री रेखा लामा | कार्यपालिका सदस्य | |
| २४ | श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

## ५२ औं कार्यपालिका बैठक (२०७७।११।०६)

**प्रस्तावहरु:**

१) नगर सभा सम्वन्धमा ।

२) समपुरक तथा विशेष अनुदानको योजना सम्वन्धमा ।

३) कार्यविधि तथा मापदण्ड सम्वन्धमा

४) विविध

**निर्णयहरु**

**निर्णय नं.१) नगर सभा सम्बन्धमा ।**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस विदुर नगरपालिकाको आठौं नगर सभा मिति २०७७ साल चैत्र १३ गते शुक्रवार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२) समपुरक तथा विशेष अनुदानको योजना सम्बन्धमा ।**

प्रस्ताव नं. २ उपर छलफल गर्दा आ.व. ०७८/७९ मा सञ्चालन गर्ने गरि वागमती प्रदेश सरकार सँग निम्न वमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

क) जफति भैरुमकोट सडक - ८
ख) देवीघाट-पुसुन्टार-खड्गभञ्ज्याङ सडक - ३
ग) हात्तिगौडा-पन्थ गाउँ-भदुवार सडक - १२
घ) गंगटे वाट आँपघारी चौतारा सडक - ४,५,६
ङ) पासाङ ल्हामु राजमार्ग देखि त्रिशुली होटल हुँदै रिमाल डाडाँ जाने सडक - १
च) कागुने-आमथाङ सडक - १३
छ) अक्करे-अन्तरेटार-रिजाल टोल सडक - ७

**विशेष अनुदान सम्बन्धमा ।**

क) झाँक्रीखोला मुहान देखि लामाटार पलास्टर खड्काथोक खानेपानी योजना - ९

**सडक बोर्ड मार्फत सञ्चालन हुने योजना सम्बन्धमा ।**

क) सडक वोर्ड मार्फत सञ्चालन गर्न पेश गरिएको गेर्खुटार भित्री सडक निर्माण-१० लाई आन्तरिक श्रोतबाटै व्यवस्थापन गरी **खड्गभञ्ज्याङ चोकबाट भोर्ले जाने सडक मर्मत - ३** योजना अगाडी वढाउन सडक वोर्ड नेपाललाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.३) कार्यविधि तथा मापदण्ड सम्बन्धमा ।**

प्रस्ताव नं. २ उपर छलफल गर्दा विधेयक समिति मार्फत दफावार छलफल भई पेश भएका निम्न कार्यविधिहरुलाई पास गर्ने निर्णय गरियो ।

क) विदुर नगरपालिका लैंगिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७

मिति २०७७।११।०६ गतेको कार्यपालिका बैठकको निर्णय प्रमाणित

Scanned with CamScanner

ख) नगर स्तरिय मानव वेचविखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७

ग) टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७

**निर्णय नं.४) विविध**

क) विदुर नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य चौकी, स्वास्थ्य इकाई, नगर स्वास्थ्य क्लिनिकहरुमा स्थानीय श्रोत साधनको उपयोग गरि वा अन्य कुनै स्थानीय संघ संस्थाले आर्थिक सहयोग उपलब्ध गराई नगरपालिकाको थप आर्थिक भार नपर्ने गरि नेपाल मेडिकल काउन्सिलवाट वैधानिक रुपमा लाइसेन्स प्राप्त एम.वि.वि.एस. वा सो भन्दा माथिको विशेषज्ञ सेवा उत्तीर्ण गरि आफ्नो काउन्सिल दर्ता नं समेत पालिकामा उपलब्ध गराई उक्त इकाईहरुमा स्वास्थ्य सेवा सञ्चालन गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो । उक्त निर्णय कार्यान्वयनको लागि यस नगरपालिका कार्यालयवाट पूर्व स्वीकृतिको पत्र अनिवार्य रुपमा लिनुपर्ने निर्णय गरियो ।

ख)

अ. नगर भित्रका खानेपानी सम्बन्धी स-साना समस्या उत्पन्न भई सामान्य मर्मत, केही मात्राका पाईप उपलब्ध नभई विभिन्न वस्तीका मानिसहरु खानेपानी विहिन अवस्थावाट समस्या ग्रस्त नहुन भन्नको लागि धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकमा रहेको रकम मध्येवाट विविध खानेपानी शिर्षकलाई रकमान्तर गरि रु.१०,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

आ. यस न.पा. को प्रशासकीय भवन निर्माण गर्नको लागि जग्गा खालि गर्नुपर्ने भएकोले उक्त पुरानो भवन भत्काउनु पर्ने र तहाँ रहेका शाखाहरुलाई हाल सञ्चालनमा रहेको कार्यालय परिसर भित्र ट्रस्ट सहितको संरचना तत्कालै निर्माण गर्न धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकमा रहेको रकम मध्येबाट रकमान्तर गरि रु.१०,००,०००।- विनियोजन गरि नयाँ संरचना निर्माण गर्नको लागि दरभाउ पत्र मार्फत तत्काल कार्य दिने गरि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

इ. त्रिशुली वजार भित्र फ्ल्याग स्टोन विछ्याउने कार्य सुरु भएको कारण हाललाई त्रिशुली देखि सोले जाने सडक बन्द भएकोले उक्त सडक बन्द रहदामा नै त्रिशुली वसपार्क माथि घुमाउने बाटोमा तत्काल सडक मर्मत गर्नुपर्ने र आवागमनमा थप समय अवरुद्ध नगर्नु पर्ने जटिल परिवेशलाई मध्ये नजर गर्दै धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकवाटै रु.१०,००,०००।- रकमान्तर गरि दरभाउ पत्र मार्फत तत्काल कार्य सम्पन्न गर्न न.पा. लाई जिम्मेवारी दिने निर्णय गरियो ।

ग) वागमती प्रदेश सरकार घरेलु तथा साना उद्योग कार्यालय नुवाकोट मार्फत यस विदुर न.पा. लाई कोशेली घर निर्माण शिर्षकमा रु.५०,००,०००।- यसै आ.व. ०७७/०७८ मा कार्यान्वयन गर्ने गरि प्राप्त भएको वजेट कार्यान्वयनको लागि न.पा. द्वारा आफ्नै स्वामित्वको जग्गा उपलब्ध गराउनु पर्ने भएकोले यस न.पा. वडा नं. ४ वट्टार वसपार्क अवस्थित कि.नं. ४२२९,४२२५,४२३६,४२९६ बाट हुन आउने क्षे.फ. ६-९-२-१ जग्गा मध्ये उक्त संरचना निर्माणको लागि आवश्यक जग्गा उपलब्ध गराई नक्सा पास लगायतका प्रकृयाहरु पुर्याई अविलम्व निर्माण थालनी गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

मिति २०७७।११।१ को कार्यपालिकाको बैठक निर्णय प्रमाणित

Scanned with CamScanner

(घ) नुवाकोट डीप बोरिङ खानेपानी तथा सिंचाई जल उपभोक्ता समिति वि.न.पा. २ आ.व.२०७६।०७७ मा रु.२२,२२,३००।- भुक्तनी भएकोर बिल ३७,२६,७४०।- पेश भएको हुँदा मूल्यांकन अनुसार भुक्तानी दिन बाँकी रकम यस आ.व. ०७७।०७८ मा अघिल्लो वर्ष पेश भएको बिल अनुसार भुक्तानी दिने निर्णय गरियो ।

मिति ०७७।११।१६ गतेको कार्यपालिका बैठकको निर्णय प्रमाणित
०७७।११।१८

Scanned with CamScanner